July 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)


Year : 2, Vol. 13

www.eurasiareiyukai.com



गुरु को रोकु ज्यू तोकु जेन् न्यो ज्यूको ९औं पुण्यतिथि स्मरण समारोह २० जुलाई २०१४ का दिन यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखा एवं पाएक पर्ने समाज बिकास केन्द्रमा आफ्ना सदस्यहरु संग संगै सहभागी भै हाम्रा गुरुज्यू प्रति कृतज्ञता फर्काऔं ।

## यूराशिया रेयूकाई १३औं शाखा मिहाता जिम्मेवार शिबुचो श्री होतराज शर्मा पण्डितको अपिलः







यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युसुन मासुनागाज्यूको महान् दया, माया र कृपा पाएर १० मार्च, २००७ का दिन यूराशिया रेयूकाई १३औं शाखाको जन्म भई १३औं शाखाको नेपाल र भारत देशका सम्पूर्ण सदस्यहरुको प्रतिनिधिको रुपमा मिहाता ग्रहण गर्ने मौका पाई नेपाल देशको सुदुर पश्चिम कैलाली जिल्लाको टिकापुरमा मुख्य हल रहने गरी मिहाता जिम्मेवार शिबुचोको रुपमा अभ्यास गर्ने महान् मौका पाई रहेको छु ।

रेयूकाई शिक्षा भनेको कृतज्ञताको भावना बोकेर पुर्खास्मरण, कर्मशुद्धिकरण र पापलाई परिशोधन गर्नु हो । यी तीन कुरालाई आधार बनाई हामीहरुले दैनिक साँझ बिहान बुस्सोगोनेनको पुर्खास्मरण कार्य गर्ने मौका पाई सद्धर्मपुण्डरिक सूत्रलाई पाठ गर्ने मौका पाएर आँखाले नदेख्ने संसार र आँखाले देख्ने संसार दुबै संसारलाई बचाउन आफूमा भएको नराम्रो चरित्रलाई एक/एक गरी परिवर्तन गरी र सदस्यहरुलाई पनि गर्न लगाई खुशी खुशी आनन्दीत भएर हिजोको आफू नभई परिवर्तन भएको आजको आफू बन्ने अभ्यास गरिरहेको छु । रेयूकाई शिक्षाको वेश कृतज्ञता हो । कृतज्ञतालाई आधार बनाई कार्यान्वयन गर्ने मौका पाई आफू जस्तै भावना भएका सदस्यहरुलाई मिचिविकी (नयाँ सदस्य बनाउने) गरी ती सदस्यहरुको घरमा सोकाइम्यो (पुर्खाप्रतीक) विराजमान गराई सूत्रपाठ चढाउने मौका पाई सदस्यहरुलाई पनि परिवर्तन गराई अभ्यास गर्ने मौका पाइरहेको छु ।

संस्थापक अध्यक्षज्यूबाट सिकाई पाएर अरुको खुशी नै आफ्नो खुशी हो भन्ने भावना लिई २४सै घण्टा आध्यात्मिक संसारप्रति शतप्रतिशत विश्वास गरेर अभ्यास गर्ने मौका पाईरहेको छु । यो शिक्षाको अभ्यासमा धर्म, जात, धनी, गरीवको भेदभाव केही छैन । जुनसुकै व्यक्तिले पनि यो शिक्षाको अभ्यास गर्ने मौका पाउँदछ । सबै जना बराबर हो । समाजमा योगदान दिने व्यक्ति निर्माण गर्दै विश्व शान्ति स्थापनाको लागी क्रियाशील हुने मौका पाइरहेको छु । यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले आफ्नो सम्पूर्ण जीवन यूराशिया रेयूकाईका सदस्यहरुलाई हुर्काउन नेपाल, भारत, भुटान, म्यानमार र बंगलादेश देशमा क्रियाशील भई सदस्यहरुलाई हुर्काउँदै आउनु भई आजको यूराशिया रेयूकाईमा हामी सबै जनाले अभ्यास गर्ने मौका पाईरहेकाछौं । उक्त कुरा प्रति सँधै कृतज्ञताको भावना बोकि हामी १३औं शाखाका सम्पूर्ण सदस्यहरु एकताबद्ध भई भेलाहरुलाई लागु गरी हामी सबै आफ्नो घर, छरछिमेक, गाउँटोल र देशलाई समुन्नत बनाउँन हातेमालो गरी अभ्यास गर्ने मौका पाईरहेका छौं । अहिलेको यो नराम्रो स्थितिलाई परिवर्तन गर्न आफू स्वयं क्रियाशील भई अरु व्यक्तिको खुशीको लागी काम गर्ने समाजमा काम लाग्ने ब्यक्ति बन्ने र यूवाहरुलाई बढी भन्दा बढी परिचालित गरी उनीहरुलाई देशभक्तिको भावना जागृत गराई अहिले नगरे कहिले गर्ने? मैले नगरे कसले गर्ने भन्ने भावना जगाउने अभियानमा लागीरहेका छौं । घर भित्रको फोहोर देखि घर बाहिरसम्मको फोहोरलाई हटाउन सरसफाई अभियान गरी सफा सुन्दर गाऊँ शहर बनाउँन सबैजना हातेमालो गरौं । आउनुहोस् रेयूकाईको महान् शिक्षालाई कार्यान्वयन गरी उदाहरणीय व्यक्ति बनौं र म पनि संगसंगै अभ्यास गर्ने मौका पाउँनेछु । पुर्खाहरुप्रति सधैं कृतज्ञ भई सद्धर्मपुण्डरीकसुत्रको १३औं अध्यायको जिम्मेवारी कर्तव्य पूरा गर्न "यूराशिया रेयूकाई मेरो गौरव" भन्ने भावना बोकी "यो देशको भूमिमा जन्मन पाएकोमा गर्व गरी पुर्खास्मरण गर्नसक्ने देश बनाऔं" हामी १३ औं शाखा त्यो अभियानमा छौं सबै जना मिलि अभियानलाई पूरा गरौं भन्ने अपिल गर्न चाहन्छु ।

## भब्य समारोहका विच यूराशिया रेयूकाई १८ औं शाखाको मुख्यहल समुदघाटन





१ जुन २०१४ आईतबारका दिन यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको वरदबाहुलीबाट यूराशिया रेयूकाई १८ औं शाखाको मुख्यहल भारत देश पश्चिम बंगालको डा.वि.एल. दिक्षित रोड बुङ्गवस्ती कालिम्पोङ्ग क्षेत्रमा एक भब्य समारोहका बिच समुदघाट्न सम्पन्न भयो । उक्त समारोहमा यूराशिया रेयूकाई मिहाता, केन्जीचुकी र १८औं शाखाको मिहातालाई विराजमान गरी भारत र नेपाल देशका बिभिन्न क्षेत्रबाट आउनु भएका ४२४ जनाको सहभागीता रहेको थियो । उक्त समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।





## शिबुचो अभ्यास कार्यक्रम, काठमाण्डौं



७ जुन २०१४ शनिबारका दिन यूराशिया रेयूकाईको आयोजनामा नेपाल देशको मध्य क्षेत्रका शिबुचोहरुको अभ्यास कार्यक्रम यूराशिया रेयूकाई ११औं शाखाको मुख्य हल, धोबिधारा, काठमाण्डौंमा संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यू र मुमा श्रीमती हिरोको मासुनागाज्यूको उपस्थितमा १०५ जना शिबुचोहरुको सहभागीतामा सम्पन्न भयो । उक्त अभ्यासमा ११औं, १५औं, १७औं, २५औं र २८औं शाखाका शिबुचोहरु उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यू एवं मुमाज्यूबाट मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । कार्यक्रम शिबुचो जिवन कुमार जोशीको संयोजकत्वमा सम्पन्न भएको थियो ।



## आगलागी विपद्धा न्यूनिकरण सचेतना तालिम



१८ मे २०१४ आईतबारका दिन यूराशिया रेयूकाई प्रधान कार्यालय सिलिगुडी , भारतमा र २४ मे २०१४ शनिबारका दिन यूराशिया रेयूकाई समाज विकास केन्द्र सानेपामा आगलागी विपदा न्यूनिकरण एवं सचेतना तालिम सम्पन्न भयो । उक्त तालिममा आगलागीका कारणहरु के के हुन्, कसरी नियन्त्रण गर्ने भन्ने बारे पूर्व सावधानीका उपायहरु, सुरक्षित रहने उपायहरु आदी बिभिन्न बिषयहरुमा केन्द्रित भई तालिम सम्पन्न भएको थियो ।



## "यूराशिया रेयूकाई नागरिक सर सफाई अभियान "



दिनानु दिन बिग्रदै गएको वातवरणीय कुरालाई महशुस गरी यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट हाम्रो पृथ्वी हामीले नै बचाउने हो अग्रसर भई कार्यान्वयन गरी वातवरणीय विनासबाट बचाउनु पर्छ भन्ने मार्गनिर्देशन पाई यूराशिया रेयूकाई नागरिक सरसफाई अभियान स्थानिय संघ संस्था, समुह एंव व्यक्तिहरु संग मिलेर प्रत्येक शनिवार सरसफाई कार्यकम संचालन हुँदै आएको छ । बिभिन्न क्षेत्र क्षेत्रमा नागरिक सरसफाई अभियानको आयोजना गरी वातवरणीय सचेतना सम्बन्धि माईकिङ्ग पर्चा, एवं स्टिकर बितरण गर्दै सचेतना जगाउदै आईरहेका छौं । रेयूकाई सदस्य एवं नागरीकहरु एक-आपसमा हातेमालो गरी आफू बसेको घर, गाऊँ शहरलाई सफा राखी स्वच्छ बाताबरण बनाउँदै जाऔं ।



## शिबुचो अभ्यास कार्यक्रम, नेपालगंञ्ज

२१ जुन २०१४ शनिबारका दिन यूराशिया रेयूकाईको आयोजनामा नेपाल देशको पश्चिम क्षेत्रका शिबुचोहरुको अभ्यास कार्यक्रम यूराशिया रेयूकाई समाज विकास केन्द्र, नेपालगंञ्जमा संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यू र मुमा श्रीमती हिरोको मासुनागाज्यूको उपस्थितमा ५३ जना शिबुचोहरुको सहभागीतामा सम्पन्न भयो । उक्त अभ्यास कार्यक्रममा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूबाट मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । कार्यक्रम शिबुचो श्रीमती शशी सिंहको संयोजकत्वमा सम्पन्न भएको थियो ।





## बाढी (Flood)

मनसुन वर्षाको कारण वर्षायामको समयमा अनियन्त्रित बाढीको विपदा हुने गर्दछ । पहाड र तराई दुबै क्षेत्रका नदिहरुमा पानीको वहाव तेज र अनियन्त्रित हुनाले आसपासका क्षेत्रमा बाढीको प्रभाव परि जनधनको क्षती एवं अनेक संरचनाहरु समेत ध्वस्त हुने गर्दछन् । समय समयमा बाढी पैरोमा परि नेपाल तथा भारतका विभिन्न क्षेत्रहरुमा ठूलो जनधनको क्षति भईरहेको छ । बाढीको सम्भावित विपदाबाट रोकथाम, न्यूनिकरण तथा सावधानीको लागि हामी सदैब तयार रहन पुर्व तयारी गरी जनचेतना जगाउन जरुरी छ ।

### बाढीका पूर्व संकेतहरु

१) थोरै समयमा धेरै पानी पर्नु ।
२) लामो समय सम्म पानी परिरहनु ।
३) नदी नाला तथा खोल्सामा साबिको भन्दा बढी पानीको बहाब देखिनु आदि ।

### बाढीको प्रकोप हुदा हामीले के गर्ने ?

१) बाढीको संकेत देखिनसाथ होसियार अपनाउने, नआत्तिने ।
२) बिधुत लाईनका प्लगहरु तुरन्तै छुट्याउने ।
३) केटाकेटी तथा बृद्धहरुलाई पहिला सुरक्षित स्थानमा सार्ने ।
४) प्राथमिक उपचार तथा औषधिहरु साथमा बोक्ने ।
५) पकाउन नपर्ने खानेकुरा जस्तै : चिउरा, दालमोठ ,चाउचाउ र पिउनेपानी साथमा लिएर जाने ।
६) असुरक्षित महशुस भएमा घरको झयाल ढोकाहरु बन्द गरि बाहिर निस्कने ।
७) सुरक्षित स्थानमा जादा बहुमुल्य सामान र कागजात लिएर जाने आदि ।

### बाढी रोकथामको लागि हामीले के गर्ने ?

१) बृक्षारोपण गर्ने र वन जङ्गलको संरक्षण गर्ने ।
२) बाढी आउने क्षेत्रको रेखाङ्कन गर्ने र सुरक्षित हुने उपायहरु खोज्ने ।
३) खोला आसपासका क्षेत्रहरुमा घर निर्माण नगर्ने ।
४) पूर्व सुचना प्रणालीको बिकास गर्ने ।
५) जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने ।
६) उद्धार तथा राहतको लागि आवश्यक सामाग्रीहरको भन्डारण गर्ने ।
७) पानी सुरक्षित साथ निस्कन सक्ने निकास तथा ढलको निर्माण गर्ने आदि ।